सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ (संशोधन सहित) को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

२०८३ बैशाख —असार सम्म

सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

हुलाक प्रशिक्षण केन्द्र,

बबरमहल, काठमाडौं ।

## हुलाक प्रशिक्षण केन्द्रद्वारा आ.व. २०८२/८३ को तेस्रो त्रैमासिक ( बैशाख, जेठ र असार महिना) मा सम्पादित कार्यको संक्षिप्त विवरण

### १. हुलाक प्रशिक्षण केन्द्रको स्वरुप र प्रकृति

हुलाक प्रशिक्षण केन्द्र हुलाक सेवा अन्तरगतका जनशक्तिलाई तालिम तथा प्रशिक्षण दिने उद्देश्यले स्थापना भएको निकाय हो । केन्द्रको स्थापना वि.सं. २०१९ मंसिर १ गते भएको हो । सूचना तथा सञ्चार मन्त्रालय अन्तरगत हुलाक सेवा विभाग मातहतमा रहेर यो निकाय सञ्चालनमा रहेको छ । यो निकाय हुलाक सेवा विभाग अन्तरगत कार्यरत मुलतः राजपत्र अनंकित र श्रेणी बिहिन कर्मचारीलाई तालिम प्रदान गर्ने कार्यमा केन्द्रित रहेको छ । केन्द्रको कार्यालय काठमाडौँको बबरमहलस्थित हुलाक सेवा विभागकै कम्पाउन्ड भित्र रहेको छ।


### २. <u>हुलाक प्रशिक्षण केन्द्रको काम, कर्तव्य र अधिकार</u>

हुलाक प्रशिक्षण केन्द्रको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छ ।


- हुलाक सेवासँग सम्बन्धित उपयोगी प्रशिक्षण कार्यक्रमहरुको अध्ययन, अनुसन्धान र आवश्यकता पहिचान गर्ने।
- पाठ्यक्रमहरुलाई समयसापेक्ष, उपयोगी र प्रभावकारी हुनेगरी तर्जुमा, संशोधन र परिमार्जन गर्ने कार्य गर्ने।
- पाठ्यक्रम बमोजिम आवश्यक पर्ने पाठयोजना लगायत  तालिम सामाग्रीहरु तयार गर्ने ।
- प्रशिक्षणलाई प्रभावकारी बनाउन जिम्मेवार प्रशिक्षक, स्रोतव्यक्ति आदि सरोकारवालाको प्रभावकारीता बृद्धि गर्न पहल गर्ने।
- तालिमका सहभागीहरुको मूल्यांकन गर्ने ।
- हुलाक पत्रिका र हुलाक सम्बन्धि वार्षिक भित्ते पात्रो  प्रकाशन गर्ने ।

### ३. हुलाक प्रशिक्षण केन्द्रको संगठन संरचना, कर्मचारी संख्या र कार्य विवरण

# संगठन संरचना




## हुलाक प्रशिक्षण केन्द्रको दरबन्दी तेरीज



## कार्यरत कर्मचारीको विवरण

| क्र.स. | कर्मचारीको नाम थर | पद | कार्यरत शाखा |
|---|---|---|---|
| १ | ध्रुवराज आचार्य | मुख्य प्रशिक्षक | |
| २ | कुमारी जानकी कार्की | प्रशिक्षक | तालिम शाखा |
| ३ | गणेश गौतम | प्रशिक्षक | तालिम शाखा |
| ४ | कृष्ण बहादुर थापा | प्रशिक्षक | प्रशासन तथा प्रकाशन शाखा |
| ५ | तारादेवी लुइटेल | नायव सुब्बा | प्रशासन शाखा |
| ६ | अन्जली कुमारी झा | लेखापाल | लेखा शाखा |
| ७ | सञ्जय घर्ति मगर | खरिदार | प्रशासन शाखा |
| ८ | शोभा भण्डारी | कार्यलय सहयोगी | प्रशासन शाखा |
| ९ | दिपेन्द्र आचार्य | सवारी चालक | प्रशासन शाखा |
| १० | राधिका कार्की | कार्यालय सहयोगी | प्रशासन शाखा |

# कार्यविवरण

## क. प्रशासन तथा प्रकाशन शाखाको कार्यहरु

- कर्मचारी प्रशासन संचालन तथा ब्यवस्थापन सम्बन्धि सम्पूर्ण कार्यहरु गर्ने।
- कर्मचारी अभिलेख ब्यबस्थापन गर्ने, गराउने।
- कार्यलयको दैनिक प्रशासनिक कार्यसंचालन गर्ने।
- केन्द्रमा आवश्यक पर्ने सामानहरुको खरिदको कार्य नियमानुसार प्रकृया पुरागरी गर्ने ।
- जिन्सी निरीक्षण तथा लिलाम सम्बन्धि कार्य गर्ने।
- केन्द्रको भौतिक सम्पत्ति सुरक्षित राख्ने ।
- संगठन पुर्नसंरचना सम्बन्धी कार्य गर्ने।
- कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी कार्य गर्ने।

- प्रत्येक आ.वका लागि अन्य शाखासंग समन्वय गरी वार्षिक कार्यक्रम तथा बजेट बनाउने।
- केन्द्रको मासिक, त्रैमासिक र वार्षिक प्रगति विवरण तयार गरी पेस गर्ने।
- हुलाक प्रशिक्षण केन्द्रद्धारा संचालित घुम्ती तथा अन्य प्रशिक्षण कार्यक्रमहरुमा प्रशिक्षण दिने।
- शाखाका भौतिक साधनहरुको स्याहार सम्भार तथा मर्मतको व्यवस्था मिलाउने।
- अधिनस्थ कर्मचारीको कार्यप्रगति, प्रतिवेदन सुपरिवेक्षण गरी पेस गर्ने।
- आवश्यकता अनुसार सम्बन्धित विषयमा हुने तालीम, सभा, गोष्ठी तथा सेमिनारमा भाग लिने।
- तालिमको वार्षिक कार्ययोजना तयार गरी सो अनुसारको कार्यक्रम तर्जुमा एव संचालन गर्ने।
- हुलाक सेवासँग सम्बन्धित उपयोगी प्रशिक्षण कार्यक्रमहरुको अध्ययन, अनुसन्धान र आवश्यकता पहिचान गर्ने।
- पाठ्यक्रम समयसापेक्ष, उपयोगी र प्रभावकारी हुनेगरी तर्जुमा, संशोधन र परिमार्जन गर्ने कार्य गर्ने।
- पाठ्यक्रम बमोजिम आवश्यक पर्ने पाठयोजना लगायत तालिम सामाग्रीहरु तयार गर्ने,गराउने।
- प्रशिक्षणलाई प्रभावकारी बनाउन जिम्मेवार प्रशिक्षक, स्रोतव्यक्ति, आदि सरोकारवाला सँग छलफल,अन्तरक्रिया र समन्वय गरी तालिमको प्रभावकारीता बृद्धि गर्न पहल गर्ने।
- यस वाहेक मुख्यप्रशिक्षकद्वारा निर्देशन भए बमोजिमका अन्यकार्य हरुगर्ने ।

## ख. तालिम शाखा कार्यविवरण

- तालिमको वार्षिक कार्ययोजना तयार गरी सो अनुसारको कार्यक्रम तर्जुमा एवंम संचालन गर्ने।
- हुलाक सेवासँग सम्बन्धित उपयोगी प्रशिक्षण कार्यक्रमहरुको अध्ययन, अनुसन्धान र आवश्यकतापहिचानगर्ने।
- पाठ्यक्रमहरुलाई समयसापेक्ष, उपयोगी र प्रभावकारी हुने गरी तर्जुमा, संशोधन र परिमार्जन गर्ने।
- पाठ्यक्रम बमोजिम आवश्यक पर्ने पाठयोजना लगायत  तालिम सामाग्रीहरु तयार गर्ने ।

- प्रशिक्षणलाई प्रभावकारी बनाउन जिम्मेवार प्रशिक्षक, स्रोतव्यक्ति आदि सरोकारवाला सँग छलफल,अन्तरक्रिया र समन्वय गरी तालिमको प्रभावकारीता बृद्धि गर्न पहल गर्ने।
- तालिमका सहभागीहरुको मूल्यांकन गर्ने गराउने,
- परीक्षा सञ्चालन गर्ने परीक्षाफल प्रकाशित गर्ने र लब्धाङ्क पत्र एवमं प्रमाण पत्र तयार वितरण गर्ने।
- हुलाक प्रशिक्षण केन्द्रद्वारा सञ्चालित घुम्ती तथा अन्य प्रशिक्षण कार्यक्रमहरुमा प्रशिक्षण दिने।
- शाखाका भौतिक साधनहरुको स्याहार सम्भार गर्ने ।
- अधिनस्थ कर्मचारीको कार्यप्रगति प्रतिवेदन सुपरिवेक्षण गरी पेस गर्ने।
- आवश्यकता अनुसार सम्बन्धित विषयमा हुने तालिम, सभा, गोष्ठी तथा सेमिनारमा भाग लिने।
- यस वाहेक मुख्य प्रशिक्षकद्वारा निर्देशन भए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## ग. लेखा शाखा कार्यविवरण

- तोकिएको समयमा निर्देशन बमोजिम कार्यालयको बजेट अनुमान तयार गर्ने।
- स्वीकृत विनियोजन बजेट, आर्थिक ऐन नियम र परिपत्र एवं निर्देशन अनुरुप खर्च लेखि भुक्तानी दिने र त्यसको लेखा स्पष्ट रुपमा राख्ने।
- कार्यालयको विनियोजन (खर्च) खाता र धरौटी खाताहरु लेखाप्रमुखको हैसियतले संचालन गर्ने।
- अधिनस्थ कार्यको कार्य प्रगति प्रतिवेदन सुपरिवेक्षण समक्ष पेस गर्ने।
- राजश्व विनियोजन र धरौटीको मासिक फांटवारी समयमानै सम्बन्धित निकायहरुमा पठाउने व्यवस्था मिलाउने।
- समयमानै निकासा लिनको लागि आवश्यक कारवाही गर्ने।
- निर्धारित समयमा कर्मचारीहरुलाई तलव, भत्ता खुवाउने एवं क.सं. कोष, बिमा तथा नागरिक लगानी कोष दाखिला गर्ने ब्यवस्था मिलाउने।
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराई ले.प. बाट देखिएका बेरुजुहरुको लगत राख्ने,
- बेरुजु फछ्र्योटको लागि आवश्यक कारवाही गर्ने र फछ्र्योट भएको बेरुजु संपरिक्षण गराई लगत कट्टा गर्ने।
- कार्यालयको आर्थिक प्रशासन सँग सम्बन्धित पत्रहरु मस्यौदा गर्ने ।
- कार्यालयको आर्थिक प्रशासन सम्बन्धी विषयमा निर्णय गर्नुपर्ने, भएमा टिप्पणी तयार गरी पेस गर्ने।
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

## घ. पुस्ताकलय शाखा

- खरिद गरिएका एवं अन्यत्र बाट प्राप्त हुन आएका पुस्तकहरुलाई पुस्तक दर्ता रजिष्टरमा दर्ता गर्ने र पुस्तकमा नम्वर चढाउने।
- पुस्तकहरुलाई उपयुक्त किसिमले विभिन्न आधारमा मिलाएर राख्ने।
- पुस्तकहरुको अनुक्रमणीका तयार गरी राख्ने।
- पुस्तकहरु माग बमोजिम जारी गर्ने एवं फिर्ता प्राप्त गर्ने।
- पुस्तकहरुको सुरक्षामा सधै ध्यान दिने र सुरक्षाको लागी कुनै कार्य आवश्यक देखिएमा निर्णयको लागि पेस गर्ने।
- प्रत्येक वर्ष पुस्तकहरुको मौज्दात परिक्षण गर्ने गराउने।
- हुलाक पत्रिका वितरण गर्ने र त्यसको व्यवस्थित अभिलेख राख्ने।
- पत्रपत्रिका, राजपत्र आदी संकलन गर्ने एवं सुरक्षीत साथ राख्ने।
- जिन्सी सामानहरु प्राप्त गरी आम्दानी वाध्ने एवं खर्चगरी खर्च लेख्ने।
- खप्ने जिन्सी सामानको श्रेस्ता (खाता) अध्यावधिक राख्ने एवं आ.वको अन्त्यमा जिन्सीखाताहरु प्रमाणीत गराई राख्ने ।
- कार्यालयको दर्ता चलानी व्यवस्थीत रुपमा संचालन गर्ने र प्राप्तहुन आएका पत्रहरु दर्तागरी मुख्य प्रशिक्षक समक्ष पेस गर्ने।
- अधिनस्थ कार्यहरुको कार्यप्रगति प्रतिवेदन सुपरीवेक्षक समक्ष पेस गर्ने।
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

## ४. हुलाक प्रशिक्षण केन्द्रबाट प्रदान गरिने सेवाहरु :हुलाक प्रशिक्षण केन्द्रको सेवा वडापत्र

| क्र.स. | प्रदान गरिने सेवाको विवरण | प्रक्रिया | लाग्ने दस्तुर | पेश गर्नुपर्ने कागजान | लाग्ने समय | जिम्मेवार पदाधिकारी |
|---|---|---|---|---|---|---|
| १ | कार्यलय संचालन तथा व्यवस्थापन तालिम (सेवाकालिन तालिम) | तालिमको आवश्यकता तथा मागको आधारमा केन्द्रले छनौट गर्ने | निशुल्क | सम्बन्धित कार्यालयको मनोनयन पत्र | ३५ दिन | कार्यक्रम संयोजक |
| २ | सेवा प्रवेश तथा अभिमुखीकरण तालिम | लोकसेवा आयोगबाट सिफारिस वा हुलाक कार्यालयहरुमा पदस्थापन भइ आउने शा.अ. ना.सु र खरिदारलाइ सहभागी गराउने | निशुल्क | सम्बन्धित कार्यालयको मनोनयन पत्र र नियुक्ति पत्र | निर्धारित कार्यक्रम बमोजिम | कार्यक्रम संयोजनक |
| ३ | क्षमता अभिवृद्धि तथा पुनताजगी तालिमहरु | तालिमको आवश्यकता तथा मागको आधारमा केन्द्रले छनौट गर्ने | | सम्बन्धित कार्यालयको मनोनयन पत्र । | निर्धारित कार्यक्रम बमोजिम | कार्यक्रम संयोजनक |
| ४ | कार्यालय संचालनका लागि आवश्यक पर्ने सामाग्री खरिद गर्ने | सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली बमोजिम | यथार्थ खर्च | सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम | नियामानुसार | प्रशासन शाखा प्रमुख |
| ५ | हुलाक पत्रिका प्रकाशन | लेख रचना आह्यान गर्ने र सम्पादक मण्डलले सम्पादन र निर्णय गर्ने | यथार्थ खर्च | केन्द्रलाइ प्राप्त हुने लेख रचनाहरुको सूची | नया वर्ष र विश्व हुलाक दिवसको अवसरमा | प्रशासन शाखा प्रमुख |
| ६ | प्रशिक्षणको पाठ्यक्रम विकास परिमार्जन र अद्यावधिक गर्ने | केन्द्रको समन्वयमा सरोकारवाला कार्यालयहरु संस्थाहरु तथा विज्ञहरुको बैठक एंव गोष्ठी आयोजना | यथार्थ खर्च | साविकका पाठ्यक्रम तथा विविध सन्दर्भ सामाग्री | निर्धारित कार्यक्रम बमोजिम | तालिम शाखा प्रमुख |
| ७ | क्यालेन्डर प्रकाशन | हुलाक विदा समेत समावेश क्यालेन्डर प्रकाशन गर्ने | यथार्थ खर्च | अन्य सामग्रीका अलवा हुलाक विदा | नयाँ वर्षको अवसरमा | प्रशासन शाखा प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | तालिमको प्रभावकारिता मूल्यांकन तथा आवश्यकताको पहिचान | सम्बन्धित शाखा प्रमुखको सिफारिसमा कार्यालय प्रमुखको आदेश बमोजिम | यथार्थ खर्च | TNA फारम तथा प्रतिवेदन | आदेश बमोजिम | सम्बन्धित कर्मचारी |
| ९ | बाह्रय प्रशिक्षकको सूची निर्माण र अद्यावधिक | आवश्यकतअनुसार विज्ञहरुलाइ रोष्टरमा सूचिकरणको लागि आव्हान छनौट र अद्यावधिक | निशुल्क | आवश्यक फारम तथा विज्ञता खुल्ने कागजात | नियमित | तालिम शाखा प्रमुख |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| सि.नं. | शाखा | कर्मचारीको नाम थर | पद | कैफियत |
|---|---|---|---|---|
| १ | | ध्रुवराज आचार्य | मुख्य प्रशिक्षक | कार्यालय प्रमुख |
| २ | प्रशासन तथा प्रकासन शाखा | कृष्ण बहादुर थापा | प्रशिक्षक | |
| | | तारादेवी लुइटेल | नायव सुब्बा | |
| | | शोभा भण्डारी | कार्यलय सहयोगी | |
| | | दिपेन्द्र आचार्य | सवारी चालक | |
| | | राधिका कार्की | कार्यालय सहयोगी | |
| ३ | तालिम शाखा | कुमारी जानकी कार्की | प्रशिक्षक | |
| ४ | आर्थिक प्रशासन शाखा | अन्जली कुमारी झा | लेखापाल | |
| ५. | पुस्तकालय शाखा | सञ्जय घर्ति मगर | खरिदार | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

प्रशिक्षण केन्द्रको वार्षिक वजेटमा आधारित भई तालिम मागको आधारमा तालिम कार्यक्रम निर्धारण गर्दछ । तालिम तथा प्रशिक्षण कार्यक्रममा निशुल्क रुपमा सहभागिता गराईन्छ ।

यस प्रशिक्षण केन्द्रवाट प्रदान गर्ने सेवा सम्बन्धमा कुनै दस्तुर नलाग्ने ।तालिममा सहभागीलाई नियामानुसार दैनिक भ्रमण खर्च समेत केन्द्रवाट उपलब्ध गराइन्छ ।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्रचलित कानुन बमोजिम तोकिएको ढाँचामा निवेदन लिइने, सम्बन्धित शाखा प्रमुखबाट राय लिइ मुख्य प्रशिक्षकबाट निर्णय लिइने ।

**निर्णय गर्ने अधिकारी**

मुख्य प्रशिक्षक ध्रुवराज आचार्य

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

महानिर्देशक मनमाया भट्टराई पंगेनी

## ९. यस अवधिमा सम्पादन गरिएको कामको विवरण

- हल्कारा तथा हुलाकी कर्मचारीको लागि मिति २०८३/०१/०६देखि २०८३/०१/०८ गते सम्म हल्कारा तथा हुलाकी उत्प्रेरक प्रशिक्षण कार्यक्रम धनकुटाको हिलेमा सञ्चालन भएको थियो । यस तालिम कार्यक्रममा धनकुटा, भोजपुर, तेह्रथुम,संखुवासभा र पाँचथर लगायतका जिल्ला हुलाक कार्यालय, हुलाक कार्यालयवाट ४२ जना हल्कारा हुलाकी कर्मचारी सहभागी हुनु भएको थियो ।
- राजपत्र अनंकित प्रथम र द्वितीय स्तरका (खरिदार/नायब सुब्बा) लागि मिति २०८३/०१/३० देखि २०८३/०३/०७ गते सम्म कायालय सञ्चालन तथा व्यवस्थापन ( ३५ कार्य दिने सेवा कालीन तालिम १२ औं सत्र) प्रशिक्षण कार्यक्रम काठमाडौंको बबरमहलमा सञ्चालन भएको थियो । यस तालिम प्रशिक्षण कार्यक्रममा जिल्ला हुलाक कार्यालय क्रमशः डडेल्धुरा, बाजुरा, जुम्ला, दैलेख, डोल्पा, रुकुम पूर्व, गोरखा, नवलपपरासी पूर्व, रुपन्देही, अर्घाखाँची, तेह्रथुम, ओखलढुङ्गा, दोलखा, सर्लाही , बारा, सिराहा, सिन्धुली, रामेछाप, बर्दिया कपिलवस्तु, ताप्लेजुङ्ग, धादिङ, विज्ञापन बोर्ड, गोश्वारा हुलाक कार्यालय र हुलाक सेवा विभागमा कार्यरत गरी ३४ जना (खरिदार नायब सुब्बा) जसमा तीन जना महिला र ३१ जना पुरुष कर्मचारी सहभागी हुनु भएको थियो।

## १०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

| | | |
|---|---|---|
| १. कार्यालय प्रमुख | मुख्य प्रशिक्षक | श्री ध्रुवराज आचार्य |
| २. सूचना अधिकारी | प्रशिक्षक | श्री कुमारी जानकी कार्की |

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- हुलाक सेवा ऐन, २०१९ र नियमावली, २०२०,
- निजामती सेवा ऐन २०४९ र नियमावली, २०५०,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली, २०६५,
- सुचानाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली,२०६५,
- आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७,
- सार्बजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४,
- अतिरिक्त हुलाक नियमावली, २०३४,
- भ्रमण खर्च नियमावली, २०७२,
- बैरङ हुलाक नियमावली, २०३४,
- आन्तरिक हुलाक वस्तु बिमा गर्ने नियमहरु,२०१९,
- हुलाक कार्यविधि निर्देशिका २०६३,
- हुलाक प्रशिक्षण केन्द्रको प्रशिक्षण सञ्चालन सम्बन्धी मापदण्ड २०७८,

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

चालु तथा पुजीगत तर्फ बजेट खर्च विवरण

| सि.नं. | शिर्षक | विनियोजित वजेट रु | २०८३ असार मसान्त सम्मको खर्च रु | कैफियत |
|---|---|---|---|---|
| १. | चालु तर्फ | १,८३,२०,०००.० | १७३५९२४३.९६ | |
| २ | पुजीगत तर्फ | १४,००,०००.० | १३९६७९३.० | |

## १३. तोकिए बमोजिमका अन्य विवरण

## १४. हुलाक प्रशिक्षण केन्द्रको वेवसाइट

यस हुलाक प्रशिक्षण केन्द्रको वेवसाइट www.ptc.gov.np रहेको छ ।

इमेल ठेगाना ptc.nepalpost@gov.np रहेको छ ।

**१५. हुलाक प्रशिक्षण केन्द्रमा प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवं सम्झौता सम्बन्धी विवरण**

- कुनै सम्झौता नभएको ।

**१७. हुलाक प्रशिक्षण केन्द्रले गरेको कार्यक्रम र सोको प्रतिवेदन**

यस केन्द्रको वार्षिक कार्यक्रम अन्तर्गत रहेर सबै कार्यक्रम सञ्चालन गरेको छ ।

**१८.हुलाक प्रशिक्षण केन्द्रले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली,**

-कुनै नभएको ।

**१९. हुलाक प्रशिक्षण केन्द्रमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय,**

-कुनै नभएको ।

**२०. हुलाक प्रशिक्षण केन्द्रका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण,**

-कुनै नभएको ।